# शिवालय गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिमा, जाजरकोट

विपद् व्यवस्थापन कोष

# सञ्चालन सम्बन्धी नियमावली

२०७४

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
विपद् व्यवस्थापन कोष
सञ्चालन नियमावली, २०७४

शिवालय गाउँपालिकाको गाउँ सभाले आर्थिक वर्ष २०७४/७५ का लागि विपद् व्यवस्थापन कोष स्थापनाका लागि बजेट विनियोजन गरेको र सो कोषलाई नियमित गनर्का लागि कार्यविधि बनाउनु वाञ्छनीय भएकाले शिवालय गाउँ कार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम शिवालय गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन नियमावली, २०७४ हुने छ ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

क) "कोष" भन्नाले विपद् व्यवस्थापन कोष भन्ने बुझ्नुपर्दछ ।

ख) “विपद्” भन्नाले दैवी प्रकोप उद्दार ऐन, २०३९ परिभाषित दैवी प्रकोप भन्ने सम्झनु पर्दछ ।

ग) “ऐन” भन्नाले शिवालय गाउँपालिकाको विनियोजन ऐन सम्झनुपर्दछ ।

घ) “सञ्चालक समिति” भन्नाले विपद् व्यवस्थापन कोष सञ्चालक समिति सम्झनुपर्दछ ।

ङ) “पदाधिकारी” भन्नाले गाउँपालिकाका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य सम्झनुपर्दछ ।

च) “कर्मचारी” भन्नाले गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनुपर्दछ ।

छ) “सर्वसाधारण” भन्नाले शिवालय गाउँपालिकामा स्थायी बसोबास भएका व्यक्ति सम्झनुपर्दछ । सो शब्दले शिवालय गाउँपालिकाको सरहदभित्र फेला परेका स्थायी ठेगाना पत्ता नलागेका बेवारिसे व्यक्तिहरुलाई समेत जनाउँछ ।

**३. कोषको उद्देश्यः**

गाउँपालिकामा घट्न सक्ने प्राकृतिक विपत्तिका घटनाबाट पीडितहरुको उद्दार, राहत, पुनःस्थापना, तथा क्षतिग्रस्त संरचनाको पुननिर्माण एवम् विपद जोखिम व्यवस्थापनका लागि पूर्व तयारी गर्नु यस कोषको मुख्य उद्देश्य रहेको छ ।

**४. कोषमा जम्मा हुने रकमः**

क. गाउँ सभाबाट विपद् व्यवस्थापन कोषका लागि विनियोजित गरेको रकम,

ख. विपद् व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्थाले प्रदान गरेको रकम ।

ग. अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

५. **कोषको सञ्चालनः**

क. कोषमा प्राप्त हुने रकम शिवालय गाउँपालिका विपद् व्यवस्थापन कोषको नाममा क वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. बैंक खाता गाउँ कार्यापालिकाका कार्यकारी अधिकृत र लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

६. **कोषको उपयोगः** यस कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गर्न सकिनेछः

क. **विपद् जोखिम व्यवस्थापन पूर्व तयारीः**

यस कोषमा जम्मा हुने  रकमको केही वा सबै रकम विपद जोखिमको पूर्वानुमान गर्दै सम्भावित क्षतिको न्युनीकरण, विपद् पछिको अवस्थामा प्रतिकार्य तथा उद्दारका लागि पूर्व तयारी गर्नका लागि आवश्यक सामग्रीहरु खरिदका लागि कोषको सञ्चालक समितिले निर्णय गरे बमोजिमको रकम खर्च गर्न सकिनेछ ।

**ख. राहतः**

यस गाउँपालिका क्षेत्रभित्र कुनै प्राकृतिक विपत्तिका घटना भई मानवीय वा भौतिक क्षति भएको अवस्थामा निम्नानुसारको तत्काल राहत उपलब्ध गराइने छ ।

| क्र.सं | क्षतिको विवरण | राहत रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मानवीय क्षति | २००००/- | प्रहरी प्रतिवेदन आवश्यक पर्ने |
| २. | घर आंशिक क्षति | ५०००/- | |
| ३. | घर पूर्ण रुपमा क्षति | १५०००/- | |
| ४. | चौपाया क्षति | प्रति चौपाया<br>भैंसी तथा गोरु १५००/-<br>गाई १२५०/-<br>बाख्रा तथा भेडा रु. ५००/-<br>कुखुरा १५०/- | |
| ५. | प्राकृतिक विपत्तिमा परी बाली नाली नोक्सान भएको | बालीको उब्जनीको कूल मूल्यांकनको २५ प्रतिशत सम्म | कृषि प्राविधिक तथा वडा समिति तथा वडा सचिवको संयुक्त प्रतिवेदनको आधारमा |

| | | | |
|---|---|---|---|
| ६. | पूर्ण रुपले घरबार विहीन भएको अवस्थामा | तत्काल अस्थायी आवास, टेन्ट, पाल, तथा अत्यावश्यक लत्ताकपडाहरु र ७ दिनको लागि पुग्ने खाद्यान्न | कोषमा रहेको मौज्दात अनुसार |

**ग. पुनःस्थापनाः**

प्राकृतिक विपत्तिमा परी भवन तथा घरहरुमा क्षति पुग्न गएमा क्षतिको मूल्यांकनको कूल रकममध्ये २५ प्रतिशत सम्म बिना व्याज घर निर्माण कर्जा दिन सकिने छ र यस्तो रकम ५ वर्ष भित्रमा तोकिएको किस्ताबन्दीको आधारमा फिर्ता गरिसक्नुपर्नेछ ।

घ. आर्थिक सहायता कोषबाट दैवी प्रकोप सहायता विषयमा पहिले कसैले सहायता लिइसकेको रहेछ भने यस कोषबाट सहायता प्रदान गरिने छैन ।

**७. आर्थिक सहायता प्राप्त गर्नका लागि योग्यताः**

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कोष बमोजिम राहत रकम तथा पुनःस्थापना कर्जा प्राप्त गर्नका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

**क. मानवीय क्षति वापत्को राहत प्राप्त गर्नका लागिः**

अ. शिवालय गाउँपालिका क्षेत्रभित्र बसोबास भएको हुनुपर्ने ।

आ. शिवालय गाउँपालिका क्षेत्रभित्र प्राकृतिक विपत्तिको घटनामा मानवीय क्षति भएको हुनुपर्ने ।

इ. प्रहरीको सनाखत र पोष्टमार्टमको रिपोर्ट पेश गर्नुपर्ने ।

ई. मानवीय क्षति भएको व्यक्तिले गाउँपालिकालाई तिर्नुपर्ने बक्यौता रहेकोमा सो बक्यौता कट्टी गरेर मात्र रकम दिइनेछ ।

**ख. भौतिक क्षति भएको अवस्थामा राहत प्राप्त गर्नका लागिः**

अ. क्षति हुनुपूर्व नै सम्बन्धित घर जग्गाको मालपोत कर तथा एकीकृत सम्पत्ति कर तिरिसकेको हुनुपर्ने ।

आ. कुनै व्यक्तिको घर क्षतिग्रस्त भएको रहेछ भने निजले सो क्षति हुनु पूर्व नै आफ्नो जग्गाधनी पूर्जामा घर कायम गरिसकेको हुनपर्नेछ अन्यथा घरको क्षति भए वापत् कुनै पनि राहत उपलब्ध गराइने छैन ।

इ. गाउँपालिकालाई तिर्नुपर्ने रकम बक्यौता रहेकोमा सो रकम कट्टा गरिने छैन ।

ई. साविकका गाउँ विकास समिति तथा गाउँपालिकाबाट असुल उपर गर्नुपर्ने बेरुजु भई सो फर्छ्यौट नगरेका व्यक्तिको परिवारलाई यस बमोजिमको राहत रकम प्रदान गरिने छैन ।

उ. गाउँपालिका तथा गाउँ कार्यपालिकाको सम्पत्ति हिनामिना गरेको प्रमाणित भएकोमा सो सम्पत्तिको शोधभर्ना नगरेका व्यक्तिको परिवारलाई राहत प्रदान गर्न नसकिने ।

**८. गलत व्यक्तिलाई सिफारिस गर्न नहुनेः**

यस नियमावली बमोजिम राहत रकम पाउन अयोग्य व्यक्तिलाई राहत रकम पाउनका लागि योग्य भएको भनी कसैले पनि सिफारिस गर्न हुँदैन । यस बमोजिम सिफारिस गर्ने व्यक्तिलाई निम्नानुसारको कारवाही हुनेछ ।

क. सिफारिस भइसकेको र राहत रकम भुक्तान नभएको राहत रकमका लागि सिफारिस गर्नेलाई सिफारिस रकमको २० प्रतिशत जरिवाना र सिफारिस माग गर्नेलाई २५ प्रतिशत जरिवाना ।

ख. सिफारिस भइ रकम समेत भुक्तान भइसकेकोमा सिफारिस गर्नेलाई सिफारिस गरे बमोजिमको रकम र रकम लिने व्यक्तिलाई सो रकमको दोब्बर जरिवाना ।

ग. यस नियमावली बमोजिम राहत नगद नभई कुनै सामग्री वा वस्तु लिइसकेको भएमा सो वस्तुको मूल्यांकन रकम बराबरको रकम सिफारिस लिने र दिने दुवैलाई जरिवाना गरिनेछ ।

घ. यस बमोजिमको जरिवाना रकम तिर्नुपर्ने दायित्व भएका व्यक्तिले जरिवाना भुक्तान नगरेमा गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सबै सेवा रोक्का राखी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**९. राहत सामग्री तथा रकम तोकिए बमोजिम मात्र खर्च गर्नुपर्नेः**

यस नियमावली बमोजिम प्रदान गरिने राहत रकम वा सामग्री जुन कार्यका लागि लिएको हो सोही कार्यमा मात्र प्रयोग गर्नुपर्दछ । तोकिएको भन्दा अन्यत्र प्रयोग गरी दुरुपयोग गरेको प्रमाणित भएमा सो बराबरको रकम सरकारी बाँकी सरह मानी असुल उपर गरिने छ ।

१०. **सञ्चालक समितिः** यस कोषको सञ्चालक समिति देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष- | अध्यक्ष |
| ख. वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | सदस्य |
| ग. योजना शाखा प्रमुख | सदस्य |
| घ. लेखा शाखा प्रमुख | सदस्य |
| ङ. कार्यकारी अधिकृत | सदस्य सचिव |

**११. सञ्चालक समितिको बैठकः**

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिमा अध्यक्ष सहित ३ जना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ग. समितिको बैठक बसेमा बढीमा महिनामा १ पटक रु. १०००/- बैठक भत्ता (प्रति सदस्य) सोही कोषबाट खर्च गर्न सकिनेछ ।

घ. अध्यक्षको अनुपस्थितिमा गाउँपालिकाका उपाध्यक्षले अध्यक्षको कामकाज गर्नेछ तर नियम १२.च. बमोजिमको निर्णय भने गर्न पाउने छैन ।

**१२. विपद् व्यवस्थापनको निर्णयः**

क. कुनै व्यक्तिलाई विपद् व्यवस्थापनका लागि राहत सामग्री तथा रकम प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन ।

ख. विपद् व्यवस्थापन सहायता प्राप्त गर्नका लागि आवश्यक पुष्ट्याईँ गर्ने कागजात पेश गर्नुपर्नेछ ।

ग. कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र विपद् व्यवस्थापनको निर्णय गर्नुपर्नेछ ।

घ. कोषमा १५ प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी विपद् व्यवस्थापन सहायता प्रदान गर्न पाइने छैन ।

ङ. कोषबाट गरिने विपद् व्यवस्थापन सहायताको निर्णय सामान्यतया समितिको बहुमतबाट हुनेछ ।

च. समितिबाट बहुमतले निर्णय हुन नसकेमा अध्यक्षको निर्णय अन्तिम हुने छ । तर यस वापत्को दायित्व निजले नै बेहोर्नुपर्नेछ ।

**१३. कोषको लेखा तथा लेखापरीक्षणः**

क. यस कोषको लेखा नेपाल सरकारको स्वीकृत मापदण्ड तथा प्रकृया बमोजिम राख्नुपर्नेछ ।

ख. कोषको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी कार्यकारी अधिकृत र लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

ग. गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले कोषको आन्तरिक लेखा परीक्षण गर्ने छ ।

घ. गाउँपालिकाको अन्तिम लेखा परीक्षण गर्ने लेखा परीक्षकले कोषको अन्तिम लेखा परीक्षण गर्नेछ ।

१४. **कार्यविधिमा संशोधनः** सञ्चालक समितिको सिफारिसमा यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्ने छ।

१५. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि अनुसार कोषको सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार सञ्चालक समितिमा रहने छ ।

अनुसूची १

विपद् सहायता रकम वा सामग्री माग गर्दा भर्नुपर्ने फाराम

श्रीमान् कार्यकारी अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
शिवालय, गाउँपालिका, जाजरकोट ।

विषयः **राहत पाउँ भन्ने बारे ।**

महोदय,

मेरो ............................................................ ...............भई घर क्षति ग्रस्त भएको/.............. जनाको मृत्यु भएको/ बिरामी भएको हुँदा रु. .................................. राहत पाउँ भनी यो निवेदन पेश गरेको छु ।